आज मिति २०८१ साल माघ ०७ गते शुक्रबार
यस तांजाकोट गाउँपालिकाका अध्यक्ष श्री लालकेश जैसी
अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि देहायको
गरियो ।

उपस्थिति

१) श्री लालकेश जैसी :- अध्यक्ष
२) श्री सुरेन्द्र बहादुर थापा :- उपाध्यक्ष
३) श्री मोहनलाल रिठाल :- वडा अध्यक्ष वडा नं.
४) श्री अजबिर खटिक : वडा अध्यक्ष वडा नं. ०
५) श्री राजेन्द्र बहादुर शाही :- वडा अध्यक्ष वडा.
६) श्री राज बहादुर बोगटि :- वडा अध्यक्ष वडा.
७) श्री मंगल नेपाली : वडा अध्यक्ष वडा नं.
८) श्री छमका खड्का :- कार्यपालिका सदस्
९) श्री नरबिर चलाउने :- ” ”
१०) श्री रजेदेवि मल्ल :- ” ”
११) श्री आउरी नेपाली : ” ”
१२) श्री आपसरी कामी :- ” ”
१३) श्री जगत सार्की : ” ”
१४) श्री बिष्णुलाल सार्की :- प्रमुख प्रशासकीय अ.

अन्य उपस्थिति

१५) श्री चन्द्र संग्याल :- लेखा अधिकृ
१६) श्री विष्णुमत जैसी :- प्रशासकीय अधि
१७) श्री बिशाल ढकाल :- सूचना प्रविधि अ
१८) श्री कर्म बहादुर रोकाया :- प्र.स.मि. (टेप्रेर
१९) श्री गोपाल दत्त भट्ट :- प्र.स.मि. (अ.पु.यो.
२०) श्री धनुष नेपाली : का.स.

निर्णय नं. ०१

यस तांजाकोट गाउँपालिकाको शिक्षा शाखामा का
प्रा.वि. द्वितीय श्रेणीका शिक्षक श्री धिरेन्द्र बहादुर
भट्ट तांजाकोट गाउँपालिका वडा नं. ०३ स्थित श्री ध
माध्यमिक विद्यालयमा कामकाजमा खटाउने
—११ .

निर्णय नं. ०२

यस तांजाकोट गाउँपालिका वडा नं. ०१ स्थित कवाडी खोला लघु जलविद्युत आयोजनाको नहर मिति २०८२ साल श्रावण महिनाको २८ गतेका दिन कवाडी खोलामा आएको बाढीले क्षति पुऱ्याएको हुँदा सो नहर पुनः निर्माणका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ०३

कवाडी खोलामा यहि मिति २०८२।०४।२८ गतेका दिन अविरल वर्षाका कारण आएको बाढीका कारण कवाडी खोला किनारा नजिक रहेका तांजाकोट गाउँपालिका वडा नं. ०१ का घर, सिंचाई कुलोहरु, बाटोघाटो र खेतहरुमा क्षति (स्थलगत प्रहरी मुचुल्का अनुसार) भएकोले उक्त संरचनाहरु पुनः निर्माणका लागि जिल्ला ~~प्रहरी कार्या~~ प्रशासन कार्यालय सिमकोट हुम्ला अन्तर्गतको जिल्ला विपद् व्यवस्थापन समिति सिमकोट हुम्ला मार्फत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ०४

यस तांजाकोट गाउँपालिका भित्र रहेका सम्पूर्ण होटेल र पसलहरुमा मदिरा बिक्रि वितरण सम्बन्धमा जन गुनासो आएका कारण अब उप्रान्त उक्त होटेल र पसलमा मदिराको इजाजत पत्र विना मदिरा बिक्रि वितरण गरेको पाइएमा स्थानीय प्रहरी प्रशासनलाई नियमानुसार कारबाही गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ०५

यस तांजाकोट गाउँपालिकामा रहेको सम्पूर्ण वन जंगलमा अवैध रुपमा काठ चोरी निकासी भईरहेको भन्ने जनगुनासो प्राप्त भएकोले अब उप्रान्त जिल्ला वन कार्यालयका सम्बन्धित निकायको पुर्जी बिना काठ चोरी निकासी गरेको र वन विनास गरेको पाइएमा प्रचलित नियमानुसार कारबाहीको प्रक्रिया अगाडी बढाउन प्रहरी चौकीलाई निर्देशन/अनुमति दिने निर्णय गरियो ।